# हल्दीवारी राजपत्र

हल्दीवारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २) झापा, कोशी प्रदेश, नेपाल, बैसाख १५ गते २०८३ साल ( संख्या १३

## भाग २

हल्दीबारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

झापा, कोशी प्रदेश नेपाल

हल्दीबारी गाउँ कार्यपालिकाले वनाएको तल लेखिए वमोजिमको नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०८३ को ऐन/नियमावली/निर्देशिका/कार्यविधि नं १३

# संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि,२०८३

**प्रस्तावना**

संस्थागत विद्यालयले अनिवार्य रुपमा वितरण गर्नुपर्ने छात्रवृत्ति सम्बन्धि विद्यमान कानुनी व्यवस्थाको अतिरिक्त विभिन्न पक्षमा थप स्पष्ट पार्न वा वाञ्छनीय देखिएकोले छात्रवृति वितरणको व्यवहारिक कार्यन्वयन गर्न गराउन सहज बनाउने अभिप्रायले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) को अधिकार प्रयोग गरी कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि, २०८३" रहनेछ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट पारित भएपछि तुरुन्त लागू हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमितरुपमा अनुदान नपाउने गरी निजी लगानीमा स्थापना र सञ्चालन हुँदै आएका अनुमति वा स्वीकृति प्राप्त संस्थागत विद्यालय सम्झनु पर्छ।

(ख) "कार्यविधि" भन्नाले हल्दिबारी गाउँ कार्यपालिकाबाट पारित **"संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि, २०८३"** सम्झनु पर्छ।

(ग) "छात्रवृत्ति" भन्नाले विद्यमान ऐन/कानुन बमोजिम संस्थागत विद्यालयबाट प्राप्त विद्यार्थीले भुक्तानी गर्नु पर्ने शुल्क सुविधा सम्झनु पर्छ।

(घ) "शिक्षा शाखा" भन्नाले हल्दिबारी गाउँ कार्यपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्छ।

(ङ) "कार्यपालिका" भन्नाले हल्दिबारी गाउँपालिकाको गाउँ कार्यपालिका भन्ने सम्झनु पर्छ।

(च) "प्रिन्सिपल" भन्नाले हल्दिबारी गाउँपालिकामा सञ्चालित संस्थागत विद्यालयका प्रिन्सिपल भन्ने सम्झनु पर्छ।

(छ) "बाल क्लब" भन्नाले सम्बन्धित विद्यालयमा गठन भएको बाला क्लब सम्झनु पर्छ।

(ज) "व्यवस्थापन समिति" भन्नाले सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समिति भन्ने सम्झनु पर्छ।

(झ) "शिक्षक अभिभावक सङ्घ" भन्नाले सम्बन्धित विद्यालयको शिक्षक अभिभावक सङ्घ भन्ने सम्झनु पर्छ।

**३. उद्देश्य :**

विद्यमान कानुनी व्यवस्थाले तोके बमोजिम विद्यालयले गर्ने छात्रवृत्ति वितरणलाई थप व्यवस्थित गरी कार्यान्वयनलाई व्यवहारिक तथा पारदर्शी बनाउनु यसको मुख्य उद्देश्य रहेको छ ।

## परिच्छेद -२
## छात्रवृत्ति छनौट सिफारिस समिति सम्बन्धि व्यवस्था

४. विद्यालयले छात्रवृत्ति प्रदान गर्नका लागि देहाय बमोजिम बढीमा ५ सदस्यीय छात्रवृत्ति छनौट सिफारिस समिति रहनेछ ।

| | |
|---|---|
| (१) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष | - अध्यक्ष |
| (२) शिक्षक अभिभावक सङ्घको अध्यक्ष | -सदस्य |
| (३) सम्बन्धित वडाले मनोनित गरेको १ जना वडा सदस्य | -सदस्य |
| (४) विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एक जना अभिभावक | -सदस्य |
| (५) प्रिन्सिपल | - सदस्य सचिव |

५. छात्रवृत्ति छनौट सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(१) छात्रवृत्तिको लागि परेको आवेदनको विश्लेषण गर्ने र कार्यविधिले तोके बमोजिम हुने गरी छात्रवृत्ति वितरणको लागि व्यवस्थापन समितिलाई सिफारिस गर्ने,

(२) सिफारिस बमोजिम छात्रवृत्ति वितरण भए नभएको अनुगमन निरीक्षण गर्ने,

## परिच्छेद -३
## छात्रवृत्तिको संख्या र प्रकार सम्बन्धि व्यवस्था

६. विद्यालयले देहाय बमोजिम छात्रवृत्ति प्रदान गर्नु पर्नेछ :

(१) विद्यालयको विद्यार्थी संख्या पाँच सय वा सो भन्दा घटी भएमा कुल विद्यार्थी संख्याको कम्तिमा दश प्रतिशत ।

(२) विद्यालयको विद्यार्थी संख्या पाँच सयभन्दा बढी र आठ सय भन्दा कम भएमा कुल विद्यार्थी संख्याको कम्तिमा बाह्र प्रतिशत ।

(३) विद्यालयको विद्यार्थी संख्या आठ सय वा सो भन्दा बढी भएमा कुल विद्यार्थी संख्याको कम्तिमा पन्ध्र प्रतिशत ।

७. विद्यालयले नियमानुसार वितरण गर्नुपर्ने छात्रवृत्तिको सङ्ख्यालाई सत प्रतिशत मानी देहाय बमोजिम वितरण गरिनुपर्ने छ :

| छात्रवृत्तिको प्रकार | छात्रवृत्ति प्रदान गर्नु पर्ने प्रतिशत |
|---|---|
| जेहेन्दार | ३५% |
| महिला | १५% |
| आदिवासी/जनजाति | १५% |
| गरिब | १५% |
| दलित | १०% |
| अपाङ्गता | १०% |

८. छात्रवृत्ति प्रदान गर्ने प्रक्रिया :

(१) शैक्षिक सत्र सुरु भएपछि कम्तिमा ७ दिनको म्याद राखी विद्यालयले छात्रवृत्तिका प्रकार सहित विज्ञापन गर्नुपर्नेछ, उक्त विज्ञापनको वोद्धार्थ शिक्षा,युवा तथा खेलकुद शाखा, हल्दिबारीमा बुझाउनु पर्ने छ।

(२) विद्यार्थी वा सम्बन्धित अभिभावकले छात्रवृत्तिको लागि आवेदन दिदा अनुसूचीमा निर्दिष्ट ढाँचामा दिनुपर्ने छ।

(३) विद्यालयबाट प्रकाशित सूचना अनुसार प्राप्त भएका छात्रवृत्ति निवेदन उपर विद्यालय प्रशासनले जाँचबुझ गरी short list तयार गर्ने र छात्रवृत्ति छनौट सिफारिस समितिमा पेश गर्नुपर्ने छ।

(४) आवेदन बुझाउने अन्तिम म्याद सकिएको १ हप्ता भित्रमा छात्रवृत्ति छनौट सिफारिस समितिको बैठक बसी विद्यालयबाट प्राप्त short list उपर छलफल गरी व्यवस्थापन समितिलाई छात्रवृत्तिका लागि short list मा परेका विद्यार्थीहरुको विवरण उपलब्ध गर्नुपर्ने छ।

(५) छात्रवृत्ति छनौट सिफारिस समितिबाट आएको सिफारिसको आधारमा ढिलोमा १ हप्ताभित्र विद्यालय व्यस्थापन समितिले छात्रवृत्ति प्रदान गर्ने निर्णय पारित गर्नुपर्ने छ।

(६) छात्रवृत्ति प्रदान गर्ने निर्णय पारित भएको मितिले ढिलोमा ५ दिन भित्र विद्यालयले कार्यान्वयन गर्नु पर्नेछ।

(७) विद्यालयले प्रदान गर्ने छात्रवृत्ति १ वर्षको लागि मात्र कायम रहनेछ र यो छात्रवृत्ति मासिक रुपमा लाग्ने शुल्क अन्तर्गत मासिक शिक्षण शुल्कमा मात्र लागू हुनेछ।

(८) जेहेन्दार, महिला, आदिवासी/जनजाति, गरिब, दलित र अपाङ्गता आरक्षित कोटा मध्ये एकै विद्यार्थीले कुनै एक वा एक भन्दा बढीको लागि आवेदन दिन सक्नेछ। तर यसरी आवेदन दिने विद्यार्थीले छात्रवृत्ति प्राप्त गर्न योग्य ठहरिएको अवस्थामा कुनै एक कोटाका लागि मात्र गणना गरिनुपर्ने छ।

(९) जेहेन्दार छात्रवृत्तिका लागि प्राप्त आवेदनउपर विद्यालयीय गतिविधिमा लगनशील विद्यार्थीहरु मध्येबाट विद्यालय प्रशासनले छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी विवरण तयार गरी छात्रवृत्ति छनौट सिफारिस समितिलाई विवरण पेश गर्ने छ र विवरण उपर छलफल गरी छात्रवृत्ति छनौट सिफारिस समितिले व्यवस्थापन समितिलाई सिफारिस गर्नुपर्ने छ।

(१०) महिला छात्रवृत्तिका लागि आवेदन दिने विद्यार्थीको हकमा निजले पेश गर्ने जन्मदर्तामा उल्लेखित लैङ्गिक पहिचानलाई महिला पहिचानको आधार मानिनेछ।

(११) अपाङ्गता छात्रवृत्तिका लागि आवेदन दिने विद्यार्थीको हकमा निजले पेश गर्ने नेपाल सरकारबाट जारी गरिएको अपाङ्गता सम्बन्धि परिचय-पत्रलाई अपाङ्गता पहिचानको आधार मानिनेछ।

(१२) आदिवासी जनजाति आरक्षित छात्रवृत्तिको लागि विद्यार्थीले आवेदन दिंदा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ बमोजिम उक्त ऐनको अनुसूचीमा उल्लेखित जाति आवेदकको जन्मदर्तामा खुलेको हकमा जन्मदर्तालाई आधार मानिनेछ। थर लेखाइमा उपजात वा उपथर वा अन्यथा भएको भए सो थर लेखिएको निज विद्यार्थी सुचिकृत आदिवासी जनजाति अन्तर्गत पर्ने उल्लेख गर्दै वडा कार्यालयद्वारा गरिएको छात्रवृत्ति सिफारिसलाई आधार मानिने छ।

(१३) दलित आरक्षित छात्रवृत्तिका लागि आवेदन दिने विद्यार्थीको हकमा सम्बन्धित वडा कार्यालयले दलित प्रमाणित गरी गरिएको छात्रवृत्तिको सिफारिसलाई दलित पहिचानको आधार मानिने छ।

(१४) गरीब आरक्षित छात्रवृत्तिका लागि आवेदन दिने विद्यार्थीको हकमा सम्बन्धित वडा कार्यालयबाट वार्षिक आम्दानी प्रमाणित गरी गरिएको विपन्नतामा आधारित छात्रवृत्तिको सिफारिसलाई गरिबी पहिचानको आधार मानिने छ। तर यस बुँदा नम्बर १४ मा उल्लेख भएको छात्रवृत्ति बाहेक अन्यमा वार्षिक आम्दानी आकर्षित हुने छैन।

(१५) छात्रवृत्तिको लागि आवेदन माग गरिएको सुचना निकालेको १ महिना भित्रमा छात्रवृत्तिको प्रक्रिया पूरा गरी छात्रवृत्ति प्रदान गरेको विवरण अनुसूची ७ र ८ बमोजिम शिक्षा, युवा तथा खेलकुद शाखा, हल्दिबारीमा पेश गरिसक्नु पर्नेछ।

(१६) कार्यविधिमा व्यवस्था भए बमोजिम विद्यालयले खुलाएको आरक्षित छात्रवृत्तिको सङ्ख्याभन्दा छात्रवृत्ति-आवेदनको सङ्ख्या कम हुन गएमा आवेदन बराबर भन्दा थप छात्रवृत्ति दिन विद्यालय बाध्य हुनेछैन।

## परिच्छेद -४
## विविध

९. कार्यविधि संसोधन : सङ्घीय सरकारको विद्यमान कानुनी प्रावधानको परिधि भित्र रहन र कार्यविधिको थप प्रभावकारिता बढाउन सरोकारवाला निकायसँगको परामर्श सहित कार्यपालिकाले आवश्यकताको आधारमा कार्यविधि संसोधन गर्न सक्नेछ।

१०. यस कार्यविधिमा समावेश नभएका विषयवस्तुको कार्य सम्पादन नेपाल सरकारको अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ र अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी नियमावली २०७७ को अधिनमा रही गरिने छ।

## अनुसूची १

## जेहेन्दार/ महिला छात्रवृत्तिको लागि विद्यार्थीले दिने निवेदनको ढाँचा

मिति:..................

श्रीमान् प्रिन्सिपल ज्यू,

................................

**विषय: छात्रवृत्ति पाउँ भन्ने सम्वन्धमा ।**

महोदय,

प्रस्तुत विषयमा शैक्षिक सत्र ....................मा मैले .......................................... विद्यालयबाट कक्षा ....... को परीक्षामा सहभागी भई उत्तीर्ण/अनुत्तीर्ण भएको छात्रा/छात्र हुँ । यस विद्यालय .................................बाट मिति .....................गते प्रकाशित छात्रवृत्ति सम्वन्धी सूचना बमोजिम मैले जेहेन्दार/ महिला/आदिबासी जनजाति छात्रवृत्तिको लागि निवेदन दिएको/ दिएकी छु। मेरो परिवारको आर्थिक अवस्था कमजोर भएको कारण विद्यालयको नियम बमोजिम मलाई छात्रवृत्ति प्रदान गरी मेरो संस्थागत विद्यालयमा थप कक्षा अध्ययन गर्ने इच्छा पुरा गरिदिनुहुन भनी यो निवेदन गर्दछु ।

संलग्न कागजातहरु

१. जन्मदर्ता प्रमाणपत्रको छायाँप्रति १ थान

२.ग्रेडसीट छायाँप्रति १ थान

३.अनुसूची ६ बमोजिम छात्रवृत्ति फाराम सक्कल १ थान

निवेदक

नाम र थर :

ठेगाना:

हालको विद्यालयको नाम:

कक्षा:

सम्पर्क नम्वर:

## अनुसूची २

## आदिबासी जनजाति छात्रवृत्तिको लागि विद्यार्थीले दिने निवेदनको ढाँचा

मिति:..................

श्रीमान् प्रिन्सिपल ज्यू,

................................

**विषय: छात्रवृत्ति पाउँ भन्ने सम्वन्धमा।**

महोदय,

प्रस्तुत विषयमा शैक्षिक सत्र ....................मा मैले .......................................... विद्यालयबाट कक्षा ....... को परीक्षामा सहभागी भई उत्तीर्ण/अनुत्तीर्ण भएको छात्रा/छात्र हुँ । यस विद्यालय ................................बाट मिति .....................गते प्रकाशित छात्रवृत्ति सम्वन्धी सूचना बमोजिम मैले जेहेन्दार/ महिला/आदिबासी जनजाति छात्रवृत्तिको लागि निवेदन दिएको/ दिएकी छु। मेरो परिवारको आर्थिक अवस्था कमजोर भएको कारण विद्यालयको नियम बमोजिम मलाई छात्रवृत्ति प्रदान गरी मेरो संस्थागत विद्यालयमा थप कक्षा अध्ययन गर्ने इच्छा पुरा गरिदिनुहुन भनी यो निवेदन गर्दछु।

संलग्न कागजातहरु

१. जन्मदर्ता प्रमाणपत्रको छायाँप्रति १ थान

२.ग्रेडसीट छायाँप्रति १ थान

३.अनुसूची ६ बमोजिम छात्रवृत्ति फाराम सक्कल १ थान

४. आदिबासी/जनजाति प्रमाणित गरिएको वडा कार्यालयको पत्र सक्कल प्रति

निवेदक

नाम र थर :

ठेगाना:

हालको विद्यालयको नाम:

कक्षा:

सम्पर्क नम्वर:

हल्दीबारी गाउँपालिका

## अनुसूची ३

## अपाङ्गता छात्रवृत्तिको लागि विद्यार्थीले दिने निवेदनको ढाँचा

मिति:.................

श्रीमान् प्रिन्सिपल ज्यू,

...............................

**विषय: छात्रवृत्ति पाउँ भन्ने सम्वन्धमा ।**

महोदय,

प्रस्तुत विषयमा शैक्षिक सत्र ...................मा मैले .......................................... विद्यालयबाट कक्षा ....... को परीक्षामा सहभागी भई उत्तीर्ण/अनुत्तीर्ण भएको छात्रा/छात्र हुँ । यहाँको विद्यालय ................................बाट मिति ..........गते प्रकाशित छात्रवृत्ति सम्वन्धी सूचना बमोजिम मैले अपाङ्गता/जेहेन्दार/ महिला/आदिबासी जनजाति छात्रवृत्तिको लागि निवेदन दिएको/ दिएकी छु। विद्यालयको नियम बमोजिम मलाई छात्रवृत्ति प्रदान गरी मेरो संस्थागत विद्यालयमा थप कक्षा अध्ययन गर्ने इच्छा पुरा गरिदिनुहुन भनी यो निवेदन गर्दछु।

संलग्न कागजातहरु

१. जन्मदर्ता प्रमाणपत्रको छायाँप्रति १ थान

२.ग्रेडसीट छायाँप्रति १ थान

३. नेपाल सरकारबाट जारी गरिएको अपाङ्गता परिचय पत्रको छायाँप्रति १ थान

४.अनुसूची ६ बमोजिम छात्रवृत्ति फाराम सक्कल १ थान

निवेदक

नाम र थर :

ठेगाना:

हालको विद्यालयको नाम:

कक्षा:

सम्पर्क नम्वर:

हल्दीबारी गाउँपालिका

**अनुसूची ४**

**दलित छात्रवृत्तिको लागि विद्यार्थीले दिने निवेदनको ढाँचा**

मिति:.................

श्रीमान् प्रिन्सिपल ज्यू,

...............................

**विषय: छात्रवृत्ति पाउँ भन्ने सम्वन्धमा ।**

महोदय,

प्रस्तुत विषयमा शैक्षिक सत्र ...................मा मैले ......................................... विद्यालयबाट कक्षा ....... को परीक्षामा सहभागी भई उत्तीर्ण/अनुत्तीर्ण भएको छात्रा/छात्र हुँ । यहाँको विद्यालय ................................बाट मिति ...........गते प्रकाशित छात्रवृत्ति सम्वन्धी सूचना बमोजिम मैले दलित छात्रवृत्तिको लागि निवेदन दिएको/ दिएकी छु। विद्यालयको नियम बमोजिम मलाई छात्रवृत्ति प्रदान गरी मेरो संस्थागत विद्यालयमा थप कक्षा अध्ययन गर्ने इच्छा पुरा गरिदिनुहुन भनी यो निवेदन गर्दछु।

संलग्न कागजातहरु

१. जन्मदर्ता प्रमाणपत्रको छायाँप्रति १ थान

२.ग्रेडसीट छायाँप्रति १ थान

३. दलित जाति प्रमाणित गरिएको वडा कार्यालयको पत्र सक्कल प्रति

४.अनुसूची ६ बमोजिम छात्रवृत्ति फाराम सक्कल १ थान

निवेदक

नाम र थर :

ठेगाना:

हालको विद्यालयको नाम:

कक्षा:

सम्पर्क नम्वर:

हल्दीबारी गाउँपत्र

**अनुसूची ५**

**गरीबी सम्बन्धि छात्रवृत्तिको लागि विद्यार्थीले दिने निवेदनको ढाँचा**

मिति:.................

श्रीमान् प्रिन्सिपल ज्यू,

...............................

**विषय: छात्रवृत्ति पाउँ भन्ने सम्वन्धमा ।**

महोदय,

प्रस्तुत विषयमा शैक्षिक सत्र ...................मा मैले .......................................... विद्यालयबाट कक्षा ....... को परीक्षामा सहभागी भई उत्तीर्ण/अनुत्तीर्ण भएको छात्रा/छात्र हुँ । यस विद्यालय ................................बाट मिति .....................गते प्रकाशित छात्रवृत्ति सम्वन्धी सूचना बमोजिम मैले जेहेन्दार/ महिला/आदिबासी जनजाति छात्रवृत्तिको लागि निवेदन दिएको/ दिएकी छु। मेरो परिवारको आर्थिक अवस्था कमजोर भएको कारण विद्यालयको नियम बमोजिम मलाई छात्रवृत्ति प्रदान गरी मेरो संस्थागत विद्यालयमा थप कक्षा अध्ययन गर्ने इच्छा पुरा गरिदिनुहुन भनी यो निवेदन गर्दछु ।

संलग्न कागजातहरु

१. जन्मदर्ता प्रमाणपत्रको छायाँप्रति १ थान

२.ग्रेडसीट छायाँप्रति १ थान

३. बार्षिक आय सहितको विपन्नता प्रमाणित गरिएको वडा कार्यालयको सिफारिस पत्र सक्कल प्रति

४.अनुसूची ६ बमोजिम छात्रवृत्ति फाराम सक्कल १ थान

निवेदक

नाम र थर :

ठेगाना:

हालको विद्यालयको नाम:

कक्षा:

सम्पर्क नम्वर:

## अनुसूची ६
## विद्यार्थी/अभिभावकले भर्ने छात्रवृत्ति फाराम

१. आवेदक विद्यार्थीको नाम ( देवनागरी ) : ....................................................................

२. विद्यार्थीको नाम अंग्रेजीमा : ............................................................................................

३. जन्ममिति: ................/....../.......  ३. लिङ्ग: ☐ महिला ☐ पुरुष

४. बुवाको नाम :  ..............................................................

५. आमाको नाम: .....................................................................

६. ठेगाना: .............................................................................................

७. सम्पर्क नम्बर: .........................................................

८. हालै उत्तीर्ण/अनुत्तीर्ण कक्षा : ...................

९. EIMIS Reg. No.: ........................

१०. एकाघर परिवार भित्रबाट विद्यालयमा अध्ययनरत विद्यार्थीको विवरण:

| क्र.स. | नाम र थर | कक्षा | अध्ययनरत विद्यालयको नाम र ठेगाना |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

११. बुवा आमाले पैतृक सम्पतिको अंश प्राप्त गरेको भए:
बुवा, आमा र सन्तानको नाममा भएको जग्गाको जम्मा क्षेत्रफल: .......... बिगा ....... कट्ठा .......... धुर
परिवार सङ्ख्या: .............

१२. बुवा आमाले पैतृक सम्पतिको अंश प्राप्त गरिनसकेको  भए:
सगोलमा भएको जग्गाको जम्मा क्षेत्रफल: .......... बिगा ....... कट्ठा .... धुर
अंशियार परिवार सदस्यको जम्मा सङ्ख्या: ..............

१३. पारिवारिक व्यवसाय तथा पेशा :
बुबाको पेशा :  ........................................  आमाको पेशा :..............................
दाजु / भाइको पेशा :  ....................................  दिदी/बहिनीको पेशा: .....................
एकाघर भित्रको हजुरबुवाको पेशा : ....................................
एकाघर भित्रको हजुरआमाको पेशा: ....................................

१४. वार्षिक आम्दानी र खर्च:

| वार्षिक आम्दानी | वार्षिक खर्च | वचत/घाटा | कैफियत |
|---|---|---|---|
| | | | |

१५. आर्थिक समस्याको मुख्य कारण (यदि उल्लेख गर्ने सकिने केहि भए ): ................................................

१६. आवेदन दिन चाहेको छात्रवृत्तिको प्रकार:

☐ जेहेन्दार ☐ महिला ☐ आदिबासी, जनजाति

☐ गरीब ☐ दलित ☐ अपाङ्गता

**<u>जेहेन्दार छात्रवृत्तिको लागि आवेदन दिनेले मात्र भर्ने</u>**

१७. जेहेन्दार दाबी गरिनुको आधार रोज्नुहोस :

☐ परीक्षाको नतिजा ☐ खेलकुद ☐ सङ्गीत

☐ नृत्य ☐ मार्सल आर्ट ☐ अन्य

*अन्यमा रेजा लगाउनेले आधार उल्लेख गर्नुहोस:* ...........................................................

१८. छात्रवृत्ति माग गर्नुपर्ने मुख्य कारण: ..........................................................................................
.......................................................................................................................................
.......................................................................................................................................
.......................................................................................................................................

**स्वघोषणा:**

म यसैमार्फत घोषणा गर्दछु की माथि उल्लेखित सबै विवरणहरु मेरो जानकारी र विश्वास अनुसार सही, सत्य र पूर्ण छन्। कुनै पनि जानकारी गलत वा अपूर्ण ठहरेमा त्यसको सम्पूर्ण जिम्मेवारी म स्वयम् वहन गर्नेछु ।

| <u>अभिभावकको</u> | <u>विद्यार्थीको</u> |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम र थर : | नाम र थर : |
| ठेगाना : | कक्षा: |
| सम्पर्क नम्वर | मिति: |

## अनुसूची ७

## विद्यालयले बुझाउनु पर्ने छात्रवृत्ति विवरणको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत,
गाउँपालिकाको कार्यालय
हल्दिबारी, झापा।

**विषय: छात्रवृत्ति विवरण पेश गरेको सम्वन्धमा ।**

महोदय,

प्रस्तुत विषयमा यस विद्यालय ....................................................... ले मिति ........................... का दिन ........... दिनको म्याद राखी शैक्षिक सत्र .......... का लागि नियनानुसार प्रदान गरिने छात्रवृत्तिका निमित्त आवेदन माग गरेकोमा आवश्यक प्रक्रिया पूरा गरी तपसिलमा उल्लेख भए बमोजिम जम्मा .............. जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको व्यहोरा अनुरोध छ।

साथै छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको विवरण पनि यसै पत्रसाथ संलग्न गरिएको व्यहोरा अनुरोध छ।

| छात्रवृत्तिको प्रकार | छात्रवृत्ति पाउने विद्यार्थी संख्या |
|---|---|
| जेहेन्दार | |
| महिला | |
| गरीव | |
| अपांग/ फरक क्षमता भएका | |
| दलित / अल्पसंख्यक जनजाति/ आदिवासी | |
| जम्मा : | |
| विद्यालयमा अध्ययनरत जम्मा विद्यार्थी संख्या: ........... | छात्रवृत्ति पाउने जम्मा विद्यार्थी संख्या :........... |
| कार्यविधि बमोजिम हुनु पर्ने न्युनत्तम छात्रवृत्ति ........ % | वितरण गरिएको छात्रवृत्ति: .............% |

**प्रिन्सिपल**

**................................**

# अनुसूची ८

## (विद्यालयले बुझाउनु पर्ने छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको विवरण)

यस विद्यालय श्री ......................................................... , .......................................... द्वारा शैक्षिक सत्र .................... मा अध्ययनका लागि छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको विवरण:

| क्र.स. | विद्यार्थीको नाम र थर | कक्षा | अभिभावकको नाम र थर | ठेगाना | सम्पर्क नम्वर | छात्रवृत्तिको प्रकार |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

विद्‌यालयको छाप

प्रिन्सिपलको नाम:

सही:

मिति:

**आज्ञाले**

**मान वा वन (महेन्द्र)**

**प्रमुख प्रशासकीय अधिकृत**